प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश २, जनकपुरधाम,

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०९/२७

यस मन्त्रालयको आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा संचालन गर्ने निम्नलिखित कार्यक्रमहरु कार्यक्रमहरुसग सम्बन्धित स्विकृत कार्यविधि बमोजिम संचालन गर्न इच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो (३० तीस दिने) सूचना प्रकाशित गरिएको छ।

**१. गौशाला पूर्वाधार सुधार तथा अन्य सहयोग कार्यक्रम:**

विभिन्न संघ,संस्था, समितिहरु द्वारा आध्यात्मिक रुपले स्थापित अशक्त, असहाय र बृद्ध गाई, गोरुहरुको पालन पोषण, स्वास्थ्य उपचार तथा पशु कल्याण कार्यमा संलग्न रहेका हाल कम्तीमा पनि ५० वटा त्यस्ता गाई गोरुहरुको संरक्षण कार्यमा संलग्न र भविष्यमा ३०० देखि ४०० वटा असहाय, अशक्त, बृद्ध गाई वंशको पशुलाई आश्रय दिनसक्ने भूमीसहित क्षमता भएका गौशालाहरु। प्रदेश २ का कुनै पनि स्थानीय तहबाट आफ्नो प्रभाव क्षेत्र भित्रका त्यस्ता किसिमका गाई वंशका छाडा पशु नियन्त्रणमा लिइ गौशालालाई हस्तान्तरण गरेको खण्डमा स्याहार सुसार गर्ने जिम्मा लिने शर्तमा रु १ करोड देखि ३ करोड सम्मको ८०: २० को लागत साझेदारीमा सहकार्य गर्न सकिने ।

**२. व्यवसायिक पशुपन्छी फार्म पुर्वाधार सुदृढीकरण कार्यक्रम :**

यो कार्यक्रम प्रदेश २ का कम्तीमा २ वर्षदेखि विभिन्न किसिमका पशुपालन व्यवसायमा संलग्न रहि हाल गाईभैसी पालनको हकमा कम्तीमा पनि १० माउँ गाई वा भैसी , बाखापालनको हकमा कम्तीमा ५० माउ बाखा तथा कुखुरापालनको हकमा कम्तीमा पनि २००० कुखुरापालन गरिरहेका पशुपालक कृषकहरुलाई यस कार्यक्रममा पशुपन्छी फार्म पुर्वाधार सुदृढीकरणको लागि बढीमा लागतको ५० प्रतिशत अनुदान सहयोगमा सहकार्य गर्न सकिने

| सि.न. | कार्यक्रमको संख्या | फार्म | कार्यालयबाट गरिने प्रति फार्म अधिकतम सहकार्य रकम रु |
|---|---|---|---|
| १ | जम्मा ४० वटा फार्म | गाई भैसी फार्म | ७,५०,०००/- |
| | | बाखापालन फार्म | ५,०००००/- |
| | | कुखुरा फार्म | ३,०००००/- |

*नोट: कार्यालय तर्फको रकमको १ देखि ५ प्रतिशत आवश्यक्ता अनुसार प्रस्ताव छनौट फिल्ड भेरिफिकेशन,अनुगमन खर्चबापत कार्यालयमै कट्टा गरिनेछ।*

**प्रस्तावपत्रका साथ संलग्न** हुनुपर्ने कागजातहरु :

१ आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

२. अनुसूची १ अनुसारको आवेदन फार्म ।

३ अनुसुची ३ अनुसारको कार्ययोजना ( गौशाला पूर्वाधार सुदृढीकरण तथा आय आर्जनको हकमा अनुसुची ६ अनुसारको व्यवसायिक योजना समेत)

४. सम्बन्धित निकायमा दर्ता भएको भए सो को प्रमाणित प्रतिलिपी

<u>प्रस्तावना फारम वितरण तथा दर्ता सम्वन्धी तालिका</u>

**प्रस्तावना फारम पाइने तथा दर्ता हुने स्थान:** भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा ।

**फारम वितरण तथा दर्ता शुरु हुने मिती :-** २०७५/०९/२७ देखि २०७५/१०/२७

**फारम दर्ता हुने अन्तिम मिती :-** २०७५/१०/२८

**विस्तृत** जानकारी तथा कार्यविधीको लागि यस मन्त्रालयको वेभसाइट {www,molmac.p2.gov.np} मा लगइन गरि हेर्नुहोला